Received Date: Sept. 2023 Revised: Nov. 2023 Accepted: Dec. 2023

# सशस्त्र सङ्घर्ष २०१८–२०१९ को निर्णय र घोषणा

**प्रा.डा. बद्रीनारायण गौतम**
इतिहास केन्द्रीय विभाग, कीर्तिपुर
Email : drbngautam@icloud.com
*Doi: https://doi.org/10.3126/ppj.v3i2.66203*

**शोधसार**

*श्री ५ सुरेन्द्रदेखि श्री ५ त्रिभुवनसम्मको कार्यकालमा नेपालको राज संस्थालाई खोपाको देवता बनाएर सर्वेसर्वा भई शासन गरेका राणाहरूको स्वेच्छाचारी शासन नरुचाएका राजा त्रिभुवनले सुरुदेखि नै राणाशासनको चङ्गुलबाट उम्कने चाहना राखेका थिए । राणा विरोधीहरूसँग गोप्य साँठगाँठ समेत गरेका राजा त्रिभुवनका तिविधिहरू माथि निगरानी राखिरहेका राणा शासकहरूले दरबारबाट उम्केलान भनी चारैतिर पालो पहरा बढाउनेदेखि पागल घोषित गरेर गोरखा दरबारमा नजरबन्द गरी युवराज महेन्द्रलाई राजा बनाउने उद्देश्य अनुरूप गोरखा दरबारको साफ सफाई समेत गराएको अवस्था थियो । उक्त योजना कार्यान्वयन नगर्दै एक्काशी शिकारको बहानामा नाति ज्ञानेन्द्र बाहेक सम्पूर्ण परिवार लिएर नारायणहिटीबाट निस्किएका राजा त्रिभुवनले भारतीय दुतावासमा शरण लिई भारतीय सरकारको साथ सहयोगमा दिल्ली जाने कार्य गरिएकाले मोहनशमशेरको माध्यमबाट छिटै राजा हुने महेन्द्र चाहना पनि समाप्त भएको थियो । २००७ सालको क्रान्ति भएर राणाशासन अन्त हुने भएपछि पिता राजा त्रिभुवनसँगै नेपाल फर्केका श्री ५ महेन्द्रबाट त्यसपछिका दिनहरूमा पनि नेपाली कांग्रेसप्रति ईर्ष्या-द्वेश राखेर बढ्ने काम भयो । राणाशासनको समाप्ति पछि पनि पार्टीका नेताहरूको तजविजमा बस्नु पर्दछ भने राणाशासन समाप्तिको फाइदा के भयो ? भन्ने धारणाका पक्षपाती महेन्द्रले राज्यारोहणकै बेलादेखि नेपाली कांग्रेस जस्तो जनाधार भएको, नेपाल र नेपालीको रूपान्तरण चाहने पार्टीलाई बेवास्ता गर्दै आफ्नो इशारामा चल्ने किसिमका दल एवं राजनीतिज्ञहरूलाई साथ लिएर गतिशील भई संविधान सभाको विषय पन्छाएर संसदीय चुनाव स्वीकार्न बाध्य पारेका हुन् । आफ्ना सूत्रहरूको माध्यमबाट जनमत सङ्कलन गराउँदा कुनै पनि दलले बहुमत नल्याउनेमा विश्वस्त भएपछि मात्र आम चुनाव गराएका राजा महेन्द्र नेपाली कांग्रेसले दुई तिहाई भन्दा बढीको बहुमत ल्याएपछि किंकर्तव्य विमुढ भए तापनि बाहिर नदेखाई भित्री तयारी गरिकन नेपाली कांग्रेसलाई सरकार गठन गर्न दिई पर्ख र हेरको नीति लिएका थिए । नेपाली कांग्रेसकै मुसा चरित्रका केही व्यक्तिहरूदेखि प्रतिक्रियावादीहरूसम्म सँग भित्रभित्रै सम्पर्क कायम गरेका राजा महेन्द्रले विषम परिस्थितिका लागि व्यवस्था गरिएको संविधानको धारा ५५ लाई सिरानी हालेर गोप्य षड्यन्त्र तयार पारेपछि नेपाली सेनाको राजभक्तिबाट लाभ उठाउँदै २०१७ साल पौष १ गतेको असवैधानिक कदमद्वारा जननिर्वाचित प्रधानमन्त्री लगायत भेटेजति नेताहरूलाई बन्दी बनाउने सरकार एवं संसद भंग गर्ने काम गरी सम्पूर्ण राजकीय अधिकारहरू आफूमा निहित गरे । राजाको उक्त कार्यलाई सर्वसत्तावादको नाम दिएको नेपाली कांग्रेसले पटना सम्मेलनबाट निर्णय गरेर प्रजातन्त्र पुनर्स्थापनाका लागि गरेको अनुरोध राजा महेन्द्रले बेवास्ता गरेपछि सशस्त्र सङ्घर्षको निर्णय एवं घोषणा गरेर असंवैधानिक शाही कदमको प्रतिरोध तर्फ बढ्ने वातावरण बनाइएको हो ।*

**शब्दकुञ्जी :** असंवैधानिक शाही कदम, सशस्त्र प्रतिरोध, जन असन्तुष्टता, राज महत्त्वाकांक्षा, प्रजातान्त्रिक पद्धति ।

## विषय प्रवेश

राणाकालीन निरङ्कुश पारिवारिक शासनको हैकम भित्र बाँधिएर भूमिका विहिन खोपाको देवता सरह रहेको नेपालको राजतन्त्रको उत्तराधिकारीका रूपमा जन्मिएका श्री ५ महेन्द्र युवराजकालीन अवस्थादेखि नै राणा परिवारका निकट एवं प्यारा बनिसकेका थिए । पिता महाराज त्रिभुवनलाई पागल घोषणा गरेर गोरखा धपाएपछि राजा बनाउने मोहनशमशेरको भित्री योजनालाई ससुरा हरिशमशेर मार्फत स्वीकारोक्ति पठाइसकेका यिनले पिता महाराजबाट जवाहरलाल नेहरुको भित्री योजना अनुरूप उठाएको कदमबारे पत्तासम्म नपाएकाले सपरिवार

सिकारका लागि जाने आदेश मानेकाले शितल निवास हुँदै दिल्ली पुग्नु परेको हो । भारतीय प्रवासका ९७ दिनहरूमा नेपालमा भारतीय चलखेल एवं प्रभाव विस्तार प्रयासलाई राम्रोसँग बुझ्ने, अनुभव गर्ने मौका पाएका युवराज महेन्द्रलाई दलगत राजनीतिक व्यवस्था त्यति रुचिकर लागेको थिएन । २००७ सालको राजनैतिक परिवर्तनपछि राजकीय सत्ता अधिकारबारे उठेका कुराकानी विवाद क्रममा राज संस्थाले संवैधानिक भएर राजनैतिक दलहरूको खटनपटनमा बस्नु पर्दछ भने राणाशासन हटाएको के काम भयो ? जस्ता धारणा व्यक्त गरेका श्री ५ महेन्द्रले संविधान सभा एवं संसदीय व्यवस्था मन नपरेको सन्देश दिइसकेका थिए (सिंह, २०४७ वैशाख ११; थापा, २०६९ चैत्र १) । शाही घराना अर्थात् राजपरिवारको उत्तराधिकारीका रूपमा जन्मिएर पनि अभाव एवं दुःख पीडामा युवराजी जीवन बिताउन बाध्य भएको, पिता त्रिभुवन जत्तिकै शिक्षित नभए पनि मानिसको पहिचान गर्न सक्ने क्षमता प्रबल भएको र युवावस्थामै पत्नी वियोग भई ६-६ जना सन्तान लालन पालनको बोझले पीडित भएका युवराज महेन्द्रले वी.पी. को जीवन्त साहसको परिचय पनि पिता महाराज त्रिभुवनसँग आफ्नो विवाद परेका बेला राम्रोसँग बुझ्ने मौका पाएका हुन् (रिमाल, २०६२ : ४८१-४८२) । आफ्नो सालीलाई विवाह गर्ने चाहनालाई पिता महाराजले नमानेपछि उत्पन्न मत भिन्नता साम्य पार्न वी.पी. बाट गराइएको आग्रह पनि राजा त्रिभुवनले नमानेपछि के गरौं भन्दै सल्लाह गर्न पुगेका यिनकै उपस्थितिमा सैन्य कु गरेर भए पनि राजा त्रिभुवनलाई ठिक पार्ने धारणा प्रकट गरेका वी.पी. ले सम्बन्धित मानिसहरूसँग वार्ता संवाद गरेर कुको योजना बनाएको देखेका महेन्द्रले वी.पी. लाई कसै गरी नसकिने ठहर गरिसकेका थिए ।

वी.पी. लगायतको प्रयासले गर्दा राजा त्रिभुवनले युवराज महेन्द्रलाई साली रत्नासँग विवाह अनुमती दिएकाले वी.पी. को योजना कार्यान्वयन गर्नै नपरे पनि महेन्द्रले वी.पी. लाई राम्रैसँग चिन्ने मौका पाए । पिताको अन्तिम सक्रिय कार्यकाल २००८ देखि २०११ सम्मको अवधिमा नेपालको राजनैतक घटना क्रमबारे सूक्ष्म अध्ययन गरेका महेन्द्रले नेपालका राजनैतिक दलहरूको पहिचान गरिसकेका थिए । वी.पी. लाई आफ्नो अनुकूल चलाउन नसकिनेमा विश्वस्त भएकाले आफू राजा भएदेखि नै मीठो भाषामा पन्छाउने नीति अवलम्बन गरेका यिनले जनाधार एवं स्पष्ट नीति कार्यक्रम लक्ष्य निर्धारण गर्न नसकेका राजनीतिज्ञहरूलाई लिएर आफ्नो भित्री चाहना कार्यान्वयन प्रयास थालेकै हुन् । राणा फौजी विद्रोह हुन नपाओस् भनी सिंहदरबारबाट नारायणहिटीमा सारिएका र राजा त्रिभुवनबाट आफ्नो अर्थात् राजाको सुरक्षा गर्न खाटइएको सैनिक व्यारेकलाई आफ्नो सङ्किर्ण स्वार्थ पूरा गराउने साधमा परिणत गर्दै बढेका राजा महेन्द्रले राजनैतिक दलका नेताहरूलाई खेलाउने गलाउने गर्दै संविधान सभाको चुनाव पन्छाउने, आफूले दिएको संविधान मानेर संसदको चुनावमा जान मनाउने र आफू अनुकूल परिस्थिति भएकोमा विश्वस्त भएपछि मात्र आम चुनाव गराउने काम गरे (रिमाल, २०७६ : १३३-१३७) । आफ्नो विश्वास विपरीतको चुनावी परिणाम आएकाले किंकर्तव्य विमुढको अवस्थामा पुगे तापनि केही समय पर्ख र हेरको नीति अवलम्बन गरेका राजा महेन्द्रले वी.पी. को नेतृत्वमा थालिएका क्रान्तिकारी परिवर्तनका आधार तयार पार्ने कार्य परिणामबाट आफू पछि पर्ने वा वी.पी. महत्त्वपूर्ण हुने आत्मलघुता लिन पुगे । वी.पी. लाई अप्ठेरोमा पार्न उनी निकटकै व्यक्तिहरूलाई प्रभावमा लिनेदेखि वी.पी. लाई राजिनामा गराएर सुवर्णशमशेरलाई ल्याउनेसम्मका प्रयास गरेका राजाले डा. तुलसी गिरी, विश्वबन्धु थापालाई प्रभावमा पारे तापनि सुवर्णशमशेरलाई नै मनाउन सकेनन् । जसले गर्दा सुवर्णशमशेर निजी कामले कलकत्ता तर्फ गएको र नेपाली कांग्रेसकै भातृ संस्था तरुण दलको अधिवेशन आयोजना गरिएको समय वा बेला छानेर २०१७ साल पौष १ को असंवैधानिक कदम चाली जन निर्वाचित सरकार भंग गर्ने, संसदीय व्यवस्था नै अपदस्त गर्ने र आफ्नो नेतृत्वको सरकार गठन गरेर प्रत्यक्ष शासन थाल्ने काम गरे । जसबाट प्रजातान्त्रिक व्यवस्थालाई संस्थागत गरेर नेपाल र नेपालीको रूपान्तरण आधार तयार पार्ने, मानव अधिकार को प्रत्याभूति गर्ने, जनताको हितमा कानूनी राज र सुशासन प्रणाली स्थापना गर्ने महान् कार्यमा संवैधानिक राजा एवं जन निर्वाचित प्रधानमन्त्री, सरकार मिलेर गरिमापूर्ण भूमिका निर्वाहको ऐतिहासिक अवसर तुहिन गई राज कदम विरुद्धका विविध आन्दोलनको परिस्थिति तयार भयो । आफ्ना जनताको असन्तुष्टतालाई विद्रोह, अवरोध वा सङ्घर्षको रूपमा लिएका राजा एवं उनी नेतृत्वको सरकारबाट जनअसन्तुष्टता विरुद्ध दमनचक्र चलाएपछि देशमा सङ्घर्ष बलिदानको इतिहासका कैयौं घटनाहरू

घट्न पुगे । जसबारे विश्लेषण अध्ययन गर्न विशद अनुसन्धानको आवश्यकता पर्ने भएकाले महाराजा महेन्द्रको असंवैधानिक कदम विरुद्ध उत्रिनका लागि नेपाली कांग्रेसले गरेको सङ्घर्ष निर्णय, घोषणा बारे विश्लेषण प्रयास गरिएको छ ।

## अध्ययनको उद्देश्य

राजासँग मिलेर प्रजातान्त्रिक पद्धतिको संस्थागत विकास गर्दै नेपाल र नेपालीको रूपान्तरण गर्ने लक्ष्इ लिएको नेपाली कांग्रेस कसरी पुनः सशस्त्र सङ्घर्षको निर्णयमा पुग्यो ? भन्ने जिज्ञासाबाट अभिप्रेरित भएर गरिएको प्रस्तुत अध्ययनमा २०१७ साल पौष १ गतेदेखि भूमिगत रूपले क्रियाशील भएका नेपाली कांग्रेसका नेता कार्यकर्ताहरूले पटना सम्मेलन गरेर भावी कदम निर्धारण पछि सशस्त्र सङ्घर्ष, प्रतिरोध आन्दोलनको तयारी थाल्ने अवस्थासम्मका कार्य, विषयवस्तु मात्र विश्लेषण प्रयास गरिएको छ । नेपाली कांग्रेसबाट राजा महेन्द्रलाई प्रजातन्त्र पुनर्स्थापना गर्न बाध्य पार्ने उद्देश्य अनुरूप गरेका प्रयास र सङ्घर्ष घोषणा बारे वर्तमान पुस्तालाई खासै तथ्यगत जानकारी नहुँदा भावी पुस्ताले त सुइँकोसम्म पनि नपाउने अवस्था भएकोले त्यस्तो महत्त्वपूर्ण जनता पक्षको इतिहास ओझेलमा पर्ने यथार्थ बोध गराउनु नै प्रस्तुत आलेखको उद्देश्य हो । राजालाई भगवान्को अंश अवतार मान्ने संस्कारमा हुर्किएका नेपालीहरू राजाको उक्त कदमलाई शाही कु मानेर सशस्त्र सङ्घर्षको निर्णयमा पुग्ने अवस्था, परिस्थितिको समीक्षात्मक विश्लेषण गरेर जनता पक्षको इतिहास निर्माण आधार स्पष्ट पार्नु नै यस आलेखको उद्देश्य हो ।

## अध्ययनको महत्त्व

२००७ सालको राजनैतिक परिवर्तन पछिका दिनहरूमा प्रजातान्त्रिक पद्धति एवं क्रान्तिका उपलब्धि संस्थागत गर्ने नेपाली कांग्रेसको नीति चाहनाप्रति इमान्दार नभएको नेपालको राजतन्त्रले मौका खोजी खोजी षड्यन्त्र गरेर शाही प्रभाव विस्तारको आधार तयार पारेको हो । राजाको चाहना एवं कार्य नरुचाए पनि नेपाली कांग्रेसप्रतिको ईर्ष्या-द्वेशले गर्दा साथ दिन पुगेका कतिपय राजनीतिक दल एवं राजनीतिज्ञहरूले राज महत्त्वाकांक्षा वृद्धिमा सघाउ पुऱ्याएकै हुन् । परिणामस्वरूप आफ्नो हातमाथि पार्दै बढेका राजा महेन्द्रले असंवैधानिक कदम चालेर प्रजातान्त्रिक पद्धति नै सिध्याउनेदेखि भेटेजति नेताहरूलाई बिना अभियोग बन्दी बनाउने काम गरेपछि नेपाली कांग्रेसले पुनः सशस्त्र सङ्घर्षमा जाने निर्णय कसरी गऱ्यो ? आफ्नो निर्णय जनस्तरमा पुऱ्याउँदै राजा एवं निजका मतियारहरूलाई चुनौती दिने घोषणा कसरी गऱ्यो ? नेपाली जनताहरू कसरी उक्त निर्णय क्रममा सामेल भएर भूमिका निर्वाह गरे ? आदि प्रश्नहरूको उत्तर खोज्दै यथार्थ तथ्य प्रस्ट पार्ने उद्देश्य अनुरूप गरिएको प्रस्तुत अध्ययनले जनता पक्षको इतिहास निर्माणका लागि मार्ग दर्शन गर्ने भएकाले महत्त्वपूर्ण हुने विश्वास लिइएको छ ।

## अध्ययन अनुसन्धान विधि

मूल रूपमा प्रजातान्त्रिक आन्दोलनका योद्धा, स्वतन्त्रता सेनानी, महत्त्वपूर्ण राजनीतिज्ञहरूका धारणा, अनुभव लगायतका प्राथमिक स्रोतहरूका आधारमा विश्लेषण प्रयास गरिएको प्रस्तुत अध्ययनको पृष्ठभूमि केलाउन र प्राप्त जानकारीको सत्यता पत्ता लगाउन द्वितीय स्रोतहरूको प्रयोग गर्ने काम पनि भएको छ । राजनीतिज्ञ योद्धा आदिबाट प्राप्त जानकारीलाई सत्यता परीक्षण गरेर प्रामाणिक भएपछि प्रयोग विश्लेषण गरिएको छ । स्थलगत अध्ययनबाट जुटाइएका सामग्रीहरू समेतलाई प्रयोग गरेर वर्णनात्क विश्लेषणात्मक स्वरूप दिन खोजिएको प्रस्तुत आलेख गुणात्मक ढाँचामा तयार पारिएको छ । निरङ्कुशताको बाटोमा बढेको नेपालको राज संस्थालाई वार्ताको टेबुलमा ल्याएर प्रजातन्त्र पुनर्वहालीका लागि बाध्य पार्ने लक्ष्य लिएका जनताहरूले सङ्घर्ष निर्णय घोषणासम्म पुग्दा देखाएको जीवन्त साहस समर्पणको इतिहास विश्लेषण भएकाले प्राप्त सामग्रीहरूको प्रयोग गरेर अध्ययन तयार पारी सामग्रीहरूको सम्पूर्ण विवरण सन्दर्भ सामग्रीहरू अन्तर्गत उल्लेख गरिएको छ ।

### तथ्य विश्लेषण

देशकै पहिलो जननिर्वाचित सरकारले सुरु गरेका परिवर्तनकारी नीति एवं क्रान्तिकारी सिद्ध हुने खालका कार्यहरूले गर्दा राजतन्त्रका बलिया आधार भत्कदै जाने अवस्था भएपछि सर्वशक्तिमान शासक बन्ने सोचमा रहेका राजा महेन्द्र र उनकै छत्रछायामा रजाई गरेका र पुनः गर्न चाहेका प्रतिक्रियावादी वर्गहरू असन्तुष्ट हुँदै गएकाले शाही कु भएको हो भन्ने तथ्यमा विश्वास गर्न सकिन्छ । त्यसबाहेक राजा महेन्द्रमा विद्यमान शक्ति र सम्पतिको तृप्त नहुने भोक नै शाही कु २०१७ को मूल आधार थियो भने उनमा रहेको तानाशाही शिक्षा, एकपक्षीय दृष्टिकोण, अरूलाई बुझ्ने क्षमताको अभाव र चिन्तन पनि त्यसका आधारहरू हुन् । राणाकालमा उनीहरूद्वारा नियन्त्रित जीवन, धनको अभाव र अतृप्त आकांक्षाहरू भोगेका राजा महेन्द्रले मनोविज्ञानमा घोलिएको श्रेष्ठताको ढोँग, आडम्बर र अरूका वेदनाप्रतिको अबुझपना नै प्राप्त गरेका शिक्षा र संस्कारहरू थिए । यस्तो शिक्षा एवं संस्कारबाट हुर्किएको मानिसमा जन्मजात महत्त्वाकांक्षा हुनु स्वभाविकै थियो । खुँडा, खुकुरी र तरबारका आधारमा आफ्ना पुर्खाहरूले राज्य आर्जन गरेको लगायतका विरता-प्रशस्ती आदिको बयान मात्रै सुन्दै आएका र राणाहरूद्वारा बन्दुक एवं खुँडाकै भरमा पिता त्रिभुवनलाई गोरखा धपाएर आफूलाई राजा बनाउने योजना बनाएको थाहा पाएका राजा महेन्द्रमा नेपाली कांग्रेसको कारणले त्यस्तो हुन नसकेको इख पनि छँदै थियो । नेपाली कांग्रेसलाई अगाडि नसकेपछि भित्री हृदयले पटक्कै नरुचाउने राजा महेन्द्रमा टुडिखेलमा बन्दुक बोकेर निस्कने हजारौँ सैनिकले आफ्नो आदेश शिरोधार्य गरेर जे पनि गर्न तत्पर हुन्छन् भन्ने विश्वास भएपछि जस्तो सुकै निरङ्कुश कार्यको सोच राख्नु र योजना बनाएर कार्यान्वयन गर्न अग्रसर हुनु अस्वाभाविक नै थिएन । राजाको व्यक्तित्व भनेको दैवी आशीर्वाद प्राप्त असाधारण स्वरूपको हो भन्ने चाटुकारकै भूमिका निर्वाह गर्ने पुरेतदेखि भारदारसम्मको कमी नभएकाले आफू पनि साधारण मानिस जस्तै हाडमासु रगतबाट बनेको प्राणी नै हुँ भन्ने यथार्थ ज्ञानसम्म पनि राख्न नचाहेका राजा महेन्द्रलाई असाधारण व्यक्तित्व भएको फोस्रो अभिमान थियो (शर्मा र पन्थी, २०६३ : ३०) । त्यसैले जननिर्वाचित सरकारलाई समाप्त गर्न कम्मर कसेका उनले असंवैधानिक कदम चालेर सरकार एवं संसद अपदस्त गरेपछि क्रमबद्ध रूपमै बढेर प्रजातान्त्रिक संस्थाहरूलाई प्रतिबन्धित गर्दै देशमा फौजी चरित्रको शाही शासनको थालनी गरेका हुन् ।

राजाको उक्त असंवैधानिक कदमसँगै नेपालको राजनीतिमा सामान्य पहिचानसम्म बनाएका नेताहरूलाई समेत खोजी खोजी पक्रने कार्य देशव्यापि भएर ठूलो संख्यामा सेना एवं प्रहरीको फन्दामा पर्ने थुनिने अवस्था भयो । नेपाली कांग्रेसले चुनावमा पाएको सफलताका पछाडि पारिवारिक निरङ्कश राणाशासन समाप्तिका लागि निर्वाह गरेको भूमिका एवं २००८ सालमा राणा कांग्रेस अन्तरिम सरकारको पतनदेखि गरेको सङ्घर्ष एवं जनस्तरमा पुगेर सुखदुःखमा साथ दिने क्रान्तिकारी कार्य वा कदम थियो भन्ने यथार्थ बोध नगरी जननिर्वाचित सरकार एवं नेपाली कांग्रेससँग ईर्ष्या डाहा गर्ने, राजासँग व्यक्तिगत स्वार्थका लागि पहिल्यै गठबन्धन गरिसकेका र निर्वाचित सरकार विरुद्ध सङ्घर्ष भन्दै सक्रिय भएका धेरै नेता र तिनका दलहरूले प्रजातान्त्रिक संस्कृति एवं धर्म छाडे । शाही कु भन्दा अगाडि नै २०१७ साल भदौ २५ गतेदेखि असौज ७ गतेसम्म काठमाडौँमा केन्द्रीय समिति बैठक राखेर नेपाली कांग्रेसको सरकार विघटन गर्न माग गर्ने सहितका निर्णय गरिसकेको नेपाल कम्युनिष्ट पार्टीका महासचिव डा. केशरजङ रायमाझीले २०१७ साल पुष १ को शाही कुलाई प्रगतिशील कदम भनेर स्वागत गर्ने, संयुक्त प्रजातन्त्र पार्टीका नेता डा. के.आई. सिंहले श्री ५ को यो कदमलाई म र मेरो पार्टीको पूर्ण समर्थन छ भन्दै प्रतिक्रिया दिने र देशकै पहिलो पार्टी प्रजापरिषद्का नेता एवं जेठा राजनीतिज्ञ टंकप्रसाद आचार्यले श्री ५ बाट प्रजातन्त्रको बुनियादलाई नछाडि काम गरिबक्सने आशा तथा विश्वास प्रकट गर्दछु भन्दै प्रतिक्रिया दिएर असंवैधानिक कार्यको समर्थन गर्ने काम गरियो (पराजुली, २०७७ : १०९) । गृष्मबहादुर देवकोटाले त शाही कदम २०१७ पछि नेपाल कम्युनिष्ट पार्टीले दिपावली नै गरेको उल्लेख गरिसकेको अवस्थामा प्राप्त सामग्रीहरूको विश्लेषण गर्दा आस र त्रासमा फसेको नेपाली प्रेस जगत्ले पनि राजाको ठूलो प्रसंसा गरेको, कतिपय पार्टीका नेताहरूले शाही कुकै भोलिपल्टदेखि भक्तिभावको नीति लिएको, कतिपयले हप्ता दिनभित्रै धमाधम वक्तव्य

निकालेर शाही कुको समर्थन गरी जेलबाट छुट्न थालेको र नेपाली कांग्रेसले बल्ल खायोको शैली प्रदर्शन गर्दै क्रियाशीलता थाली राजकृपाको प्रयास गरेको पाइन्छ ।

देशभित्र अवसरवादी भावना प्रदर्शनको तीव्र होडबाजी सुरु भई नेपाली कांग्रेसका विरुद्ध बोल्दै राजाको कृपा पाउन खोज्नेहरू सल्बलाउन थालेपछिको अवस्थामा पनि आफ्नो अग्रसरता एवं नेपाली जनताको संलग्नतामा सम्पन्न सङ्घर्षबाट स्थापना भई शाही कदमबाट गुमेको प्रजातान्त्रिक पद्धति पुनर्स्थापनाका लागि सङ्घर्ष वा प्रतिरोध आन्दोलनको कठिन कार्यमा उत्रिन नेपाली कांग्रेस बाध्य भयो । राजधानीका सडक एवं गल्लीहरूमा सेना तैनाथ गरेर गस्ती गराउने, सारा प्रमुख व्यक्तिहरूलाई खोजी खोजी गिरफ्तार गरेर तिनीहरूका घर खानतलासी लिनेदेखि पहरा दिएर राख्ने र सम्पूर्ण सरकारी कार्यालयहरूमा सेनाको नियन्त्रण राख्ने गरिएपछि सम्पूर्ण देश नै बन्दीगृह जस्तो बनाइएको थियो । नेपाली कांग्रेसका दोस्रो तेस्रो दर्जाका नेता कार्यकर्ताहरू जतिलाई भेटे पक्रिने क्रम चलेकाले लुकिछिपि भारत भाग्ने बाहेक अरू विकल्प नरहेकाले भागेर भारत पस्ने क्रम तीव्र भयो (श्रेष्ठ, २०५७ : ८९) । परशुनारायण चौधरी, काशीनाथ गौतम, बासुदेव रिसाल आदि महत्त्वपूर्ण व्यक्तिहरू सहित कलकत्ता पुगेका नेपाली कांग्रेसका हजारौँ कार्यकर्ताहरू सुवर्णशमशेरको प्रतिक्रिया पर्खेर बसिरहेको अवस्था थियो ।

राजा महेन्द्रको सम्पर्कमा रहेका र उनले रुचाएका भनिएका नेपाली कांग्रेसका संस्थापक नेता एवं निर्वाचित सरकारका उपप्रधानमन्त्री सुवर्णशमशेर राजाले असंवैधानिक कदम चालेर प्रजातान्त्रिक पद्धतिको हत्या गर्नु भन्दा २ दिन अगाडि नै निजी कामको शिलशिलामा कलकत्ता गएका थिए । आत्म वृत्तान्तमा आफू पनि गणेशमान सिंहलाई लिएर एयरपोर्टसम्म पुऱ्याउन गएको उल्लेख गरेका बी.पी. ले प्लेन जान बाँकी रहेको एक घण्टाको अवधिसम्म त्यही बसेर कुरा गरेको र राजा 'कु' गर्ने तरखरमा भएको तर ब्रिटेनकि महारानी एलिजावेथ आउनेवाली भएकाले त्यसको मुखैमा कु गरेर तानाशाही ल्याउँदैनन् भनेको उल्लेख गरेका छन् (शर्मा, २०५५ : २७३) । कलकत्तामा रहेको आफ्नो व्यापार व्यवसायको आयकर सम्बन्धी समस्या परेकाले जानुपर्ने भयो राजाबाट अनुमती लिइदिनु पऱ्यो भनी २/३ दिनमै फर्कने गरी बी.पी. मार्फत अनुमती प्राप्त गरी हिँडेका सुवर्णशमशेर फर्कन नपाउँदै नेपालमा कु भएको थियो । उनी कलकत्तामै हुँदा भएको उक्त काण्डमा कतिपय राजनीतिज्ञहरू राजाको पक्षमा ढल्केर सत्ताको आशा गर्ने, जननिर्वाचित सरकारका प्रधानमन्त्री-मन्त्रीहरूसँगै सभामुख एवं प्रथम-दोस्रो वरियताका नेता जति राजाका आदेशमा पक्रिएरविना अभियोग सैनिक घेराभित्र थुनिने र देशमा मुर्दा शान्ति स्थापना प्रयास गरिने भएकाले उम्केर भागेर भारत पुग्ने जति केही गरेर तानाशाही पुनर्स्थापना प्रयास गर्ने राजालाई देखाउन चाहन्थे ।

२०१७ साल पौष १ को असंवैधानिक कदमको भोलिपल्ट अर्थात् २०१७ साल पौष २ गते कलकत्ताबाटै प्रतिक्रिया व्यक्त गरेका सुवर्णशमशेरले काठमाडौँमा अघिल्लो देखि घटेको घटनाबाट परिस्थिति बदलिएको थाहा पाएर आश्चर्यचकित भएको र त्यसले जनतामा चोट पुऱ्याएको महसुस गरेको प्रस्ट पार्न खोजे । वी.पी. कोइराला समेतको पक्राउ सम्बन्धमा सोधिएका प्रश्नको जवाव दिँदा नेपालमा कुनै किसिमको घटना घटन सक्छ भन्नेबारे हल्ला मात्र चलेको तर त्यस हल्लालाई गम्भीरतापूर्वक लिएको थिएन भन्दै मलाई आफू पनि गिरफ्तार हुने बारे कुनै कुरा थाहा थिएन र गिरफ्तारीबाट बच्न वा उम्कन नेपालबाट भारततर्फ भागेको पनि होइन भनी प्रस्ट पार्न खोजेका थिए (आचार्य, २०६० : ९४) । पत्रकारहरूबाट भावी नीति एवं कदमसँगै नेपाल फर्कने नफर्कने बारे पनि सोधिएपछि जवाफमा मलाई थाहा छैन किन यस्तो भयो ? म अहिले केही भन्ने गर्ने स्थितिमा छैन, हेर्दैजाउँ के हुन्छ ? भनी अन्यौलता प्रकट गरेका सुवर्णशमशेरले मंसिर २९ गते बुधबार श्री ५ बाट स्वीकृति लिई कलकत्ता आउने तयारीमा लागेको कुरा खोलेपछि त्यसभन्दा अघिल्लो दिन राती ११:३० सम्म श्री ५ सँगै रहेको र अर्को दिन भारतीय सेना प्रमुख थिमैया शिकारका लागि जानु भएकाले सोमबार (अर्थात् पौष ५ गते) सम्मको बिदा (अनुमती) लिएर कलकत्ता तर्फ आएको प्रस्ट पारेपछि वर्तमान स्थितिले अब नेपाल फर्कने नफर्कने बारे भने केही भन्न नसक्ने उल्लेख गरेका थिए (कोइराला, २०५८ : १२९; देवकोटा, २०३६ : ६५२-६५३) । नेपाली

कांग्रेससँग ईर्ष्या-द्वेश राख्ने राजनीतिज्ञदेखि राजाको प्रिय बनेर सत्ता सुख भोग्न चाहनेहरूसम्मकै साथ लागेर आस र त्रासमा फसेको नेपाली प्रेस जगत्ले पनि राजाको कदमको प्रशंसा गर्न थाल्यो ।

सुरुदेखि नै आफूलाई साथ दिन सक्नेहरूको सूची बनाएर विश्वासमा लिने, जिम्मेवारी दिने, परीक्षण गर्ने गर्दै आएका राजाले आफ्नो कदमको समर्थन गरेर बढ्न चाहनेहरूलाई छाड्ने नीति लिएपछि कतिपय पार्टीका नेताहरूले पनि शाही कदमको समर्थन गरेर छुट्ने काम गर्न थाले । डा. तुलसी गिरी एवं विश्वबन्धु थापा जस्ता नेपाली कांग्रेस भित्रकै शिखण्डीहरूसँगै सूर्यबहादुर थापा समेतका चाटुकार एवं अवसरवादीहरूलाई राखेर सरकार गठन गरेका राजाले आफ्नै अध्यक्षताको सरकार बनाएर काम थाल्ने, यो कदम मात्र केही समयका लागि हो पुनः देशमा पार्टीगत राजनीति नै फर्कने छ भन्ने सन्देशरूपि ललिपप देखाएर जनमानसलाई भ्रममा पार्ने गरेपछि पौष २२ गतेका दिन राजनैतिक दलमाथि नै प्रतिबन्ध लगाएर प्रजातान्त्रिक पद्धति छिटै र सजिलै फर्कदैन भन्ने प्रस्ट सन्देश दिन खोजे । नेपाली कांग्रेसको रिस ईर्ष्याले राजाको निकट पुगेकाहरू पनि यसबाट खिसिक्क भएको अवस्थामा भागेर भारत पुग्न सफल भएका राजनैतिक कार्यकर्ताहरूले सर्वप्रथम एकजुट भएर चुप बस्न नहुने निष्कर्ष निकालेपछि केशव कोइरालाको नेतृत्वमा नेपाल एक्सन कमिटी गठन गरेर शाही कदमको तीव्र निन्दा गरे (अधिकारी, २०४५ : ४६) । निर्णायक कदमका लागि निर्णय गरी नेतृत्व दिन सक्ने वी.पी. पछिका नेता भारतकै कलकत्तामा रहेको तथ्य बुझेका उनीहरूले तुरुन्तै सुवर्णशमशेरलाई भेट्न पुगेर उचित रणनीति तयार पारी बढ्नका लागि अनुरोध गरे । सबै साथीहरूका गुनासा, सुझाव, अनुरोधलाई शान्तपूर्वक सुनेका सुवर्णशमशेरले आश्वासन दिएर पठाएपछि नेपालका आफ्ना विश्वासपात्रहरूदेखि पार्टीका जिल्ला स्तरसम्मका नेताहरूलाई गोप्य रूपमा पत्राचार गरेर स्थिति अध्ययन गरी सल्लाह दिन अनुरोध गरे ।

नेपाली जनतालाई रैतीबाट नागरिक बनाउन क्रान्ति निर्णय तयारी एवं सञ्चालनसम्म नै साथ सहयोग दिएका वी.पी. का अभिन्न मित्र एवं शुभचिन्तकहरू पनि शाही कदम २०१७ बाट प्रजातन्त्र अपहरण गरेर वी.पी. समेतलाई बन्दी बनाएको घटनाबाट असन्तुष्ट थिए । देवेन्द्रप्रसाद सिंह, जयप्रकाश नारायण, गुणदा मजुमदार आदि भारतीय नेताहरूसँगै पत्रकार भोला चटर्जीले सुवर्णशमशेरसँग सम्पर्क एवं भेटवार्ता गरेर नेपालबाट उम्किई भारतका विभिन्न ठाउँहरूमा रहेका नेता कार्यकर्ताहरूलाई सङ्गठित गरी प्रतिरोध आन्दोलन सञ्चालन गर्न सुझाव दिए (चटर्जी, सन् १९८० : ९-११) । भारतीय पक्षलाई तत्कालै कुनै जवाफ नदिएका सुवर्णशमशेरले भारत आइपुगेका सुशिल कोइराला एवं कृष्णकुमार शर्मालाई बोलाएर वी.पी. सँग सम्पर्क राखी निर्देशन प्राप्त गर्ने आसयको शिलबन्दी पत्र नोना कोइरालाकहाँ पुऱ्याउन विराटनगर पठाएपछि प्रतिरोध आन्दोलनकै पक्षमा लागि परेका भारतीय पत्रकार एवं वी.पी. निकट समाजवादी व्यक्तित्व भोला चटर्जी मार्फत जवाहरलाल नेहरुलाई दुई पटकसम्म भेटेर साढे दुई घण्टासम्मै कुराकानी गरे (कोइराला, २०६० वैशाख २७; चटर्जी, सन् १९८० : ११-२३) । सुवर्णशमशेरको पत्र पाएपछि नेपालमै रहेका नोना कोइराला एवं शैलजा आचार्यले आफ्ना किसिमले काम गरेर वी.पी. का विश्वसनीय शुभचिन्तक मार्फत वी.पी. सँग सम्पर्क कायम गरी पठनीय सामग्री पठाउने क्रममा कलकत्ताबाटै पठाइएको “धर्मयुग” नामक पत्रिका पनि पठाएर सुवर्णशमशेरको सन्देश पुऱ्याउने र सामग्री फिर्ता आउँदा वी.पी. को सन्देश त्यसै पत्रिका मार्फत प्राप्त गर्न सफल भएपछि भूमिगत शैलीमा उक्त सन्देश लिएर काठमाडौँबाट कलकत्ता पुगेकी नोना कोइरालाले सुवर्णशमशेरलाई दिएकी थिइन् (कोइराला, २०६० वैशाख २७) । वी.पी. कोइरालाबाट आफू बन्दी अवस्थामा रहेकाले पार्टीबाट के कस्तो कदम उठाउने भन्ने सन्दर्भमा सम्पूर्ण निर्णय गर्ने अधिकार सुवर्णशमशेरलाई भएको जनाएर उनले गरेको सबै निर्णय आफूलाई मान्य हुने भन्ने सन्देश पठाएको पाएपछि मात्र शाही कदम विरुद्ध उत्रिने रणनीति निर्माणको निश्चयमा पुगेका सुवर्णशमशेरले नेपाल भित्र आफ्ना विश्वस्त जतिलाई गोप्य सर्कुलर पठाउने र तिनीहरूसँग सल्लाह लिने तर्फ लागे । पार्टीको भावी नीतिबारे निर्णय गर्नु पर्ने भएकाले पटनामा सम्मेलन बेलाइएको कुरा खुलाएर पत्राचार गरेका सुवर्णशमशेरले पार्टीका महत्त्वपूर्ण एवं मुख्य व्यक्तिहरूलाई अब चाल्नु पर्ने कदम बारे प्रस्ट छलफल गराएर त्यसको निर्णय सहित पटना सम्मेलनमा उपस्थित हुने निर्देशन नै दिएका थिए (शर्मा, २०५८ वैशाख १५; श्रेष्ठ, २०६० आषाढ २) । जसबाट

नेपाली कांग्रेस असंवैधानिक शाही कदम विरुद्ध क्रियाशील हुन लागेको चाल पाएर उत्साहित भएका नेपाली तरुणहरू कठिन सङ्घर्षबाट प्राप्त प्रजातन्त्र पुनर्स्थापनाको निर्णय कार्यान्वयन गराउने कार्यमा सहभागी हुन तत्पर भए ।

नेपालको राजनीतिमा प्रभुत्व कायम गर्ने भित्री लक्ष्य अनुरूप क्रियाशील भई जनाधार भएका दलहरूलाई पन्छाउने, कांग्रेस कम्युनिष्ट बिचको दुरी बढाएर फाटो पार्ने प्रयास गर्दै बढेका राजा महेन्द्रले षड्यन्त्रको जाल बुनेर बढ्ने क्रममा नेपाल कम्युनिष्ट पार्टीका महासचिव केशरजङ्ग रायमाझीलाई प्रभावमा पारिसकेका थिए । बी.पी. को बढ्दो अन्तर्राष्ट्रिय व्यक्तित्व एवं छविसँगै आफूलाई पनि टक्कर दिएर बढ्ने शैलीबाट असन्तुष्ट भएका भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुको पनि गोप्य सङ्केत पाएका राजाले भारतीय प्रधानसेनापति जनरल चिमैया नेपालको एक हप्ते सरकारी भ्रमणमा आएर काठमाडौँको कार्यक्रम सकेर सौराहमा पुगेको, उपप्रधानमन्त्री सुवर्णशमशेर निजी कामले कलकत्ता गएको अवसरमा अत्यधिक प्रचार साथ सुरु भएको नेपाल तरुण दलको उद्घाटन कार्यक्रममा राष्ट्रिय-अन्तर्राष्ट्रिय व्यक्तित्वको उपस्थितिमै हस्तक्षेप गरी संविधानको धारा ५५ सिरानी हालेर व्यापक गिरफ्तारीसँगै प्रजातान्त्रिक पद्धति नै समाप्त गर्दा पनि देशमा खासै विरोध विद्रोह हुन सकेन (मरहट्टा, २०७५ : १०३-१०४) ।

नेपालको जनक्रान्ति २००७ को पृष्ठभूमि निर्माणकै क्रमदेखि सुवर्णशमशेरको महत्त्वपूर्ण सहयोगीका रूपमा जोडिएर काम गरेका र वीरगञ्ज आक्रमणका लागि योजना निर्माणकै चरणदेखि आवश्यक जानकारी लगायतका सबै सहयोग पुऱ्याएर कब्जा गर्न महत्त्वपूर्ण काम गर्ने र पहिलो जनसरकार प्रमुखको भूमिका निर्वाह गर्ने तेजबहादुर अमात्य सकेसम्म राष्ट्रिय राजनीतिमा नआउने स्वभाव अनुरूप बारा, पर्सा, रौतहटको सङ्गठनात्मक गतिविधिमा रमाइरहेका थिए । आफ्नो स्वभाव अनुरूप तरुण दलको सम्मेलनमा आफ्ना क्षेत्रबाट प्रतिनिधि पर्यवेक्षक पठाएर घरमै बसिरहेका उनले पौष १ गतेकै दिन रेडियोबाट शाही कदम २०१७ को समाचार थाहा पाएपछि नेपालमा रहनु खतरनाक हुने ठहर गरी घर पछाडिको बाटोबाट लुसुक्क निस्केर रक्सौल पुगि प्रायः गरी आफू बस्ने ठाउँमा रहेर देशभित्रको जानकारी लिने काम गरे (राजभण्डारी, २०७६ भाद्र २०) । सुरुको एक हप्तासम्म देशका सबैतिरबाट जानकारी बटुलेपछि राजाको कदमको लक्ष्य उद्देश्य बारे धेरै थोरै बुझेका अमात्यले वीरगञ्जका आफ्ना विश्वस्त साथीहरूलाई खबर गरेर रक्सौल बोलाउने, घरबाट आवश्यक सरसामान खर्च झिकाउने, आफ्नो कार्यक्षेत्रका महत्त्वपूर्ण साथीहरूलाई खबर पठाएर सतर्कता साथ प्रबन्ध मिलाउन र सम्पर्कमा रहन लगाउने काम गरे । राजाको अध्यक्षतामा सरकार गठनको समाचार पाएपछि सुवर्णशमशेरलाई भेटेर यथार्थ बुझ्ने र भावी नीति निर्देशन लिएर काम गर्न कलकत्ता प्रस्थान गरेका उनले भागेर उम्केर कलकत्ता पुगेका अरू साथीहरू सहित भएर सुवर्णशमशेर समक्ष पुगि नेपालभित्र एवं सीमावर्ती क्षेत्रको अवस्था अवगत गराएर छिटोभन्दा छिटो भावी कदमबारे निर्णयमा पुग्नै पर्ने कुरामा जोड दिई अनुरोध गरे (नेपाली, २०६० जेठ २९) । केही दिनसम्म के गरौँको अवस्थामा बसेका सुवर्णशमशेरले पनि पटना सम्मेलनको निश्चय एवं पत्राचार गरेपछि पटना पुगेर सम्मेलनको सम्पूर्ण चाँजोपाँजो मिलाउने निर्देशन दिई त्यहाँका भारतीय मित्र एवं परिचित प्रशासकहरूलाई सहयोगका लागि केही थान पत्रहरू समेत लेखिदिएर व्यवस्थापकीय जिम्मा नै दिई तेजबहादुर अमात्यलाई पटनातर्फ दौडाइहाले ।

राजा महेन्द्रको असंवैधानिक कदम २०१७ को देशभित्र भन्दा देश बाहिर बढी प्रतिक्रिया देखा परेको र सबै जसोबाट प्रजातन्त्र पुनर्बहालीका लागि दबाव दिने किसिमकै धारणा आएकाले थप उत्साहित भएका सुवर्णशमशेरले कलकत्तामै एक पत्रकार सम्मेलनको आयोजना गरे । पटना सम्मेलनको तयारी अन्तिम चरणतिर पुगेका बेला आयोजित उक्त सम्मेलनमा देशको राजनीतिमा परिचित नोना कोइराला, द्वारिकादेवी ठकुरानी जस्ता नारीहरूका अलावा बद्रीराम भण्डारी, सरोजप्रसाद कोइराला, तेजबहादुर अमात्य लगायतका विश्वासपात्रहरूको उपस्थिति थियो । देशमा प्रजातान्त्रिक व्यवस्थाको अन्त गरी महत्त्वपूर्ण नेताहरू बन्दी बनाइएको एक महिनाको अवधिमा देखिएको शान्ति तुफान आउनुभन्दा अगाडिको सन्नाटापूर्ण अवस्था हो भन्दै कुराकानी थालेका सुवर्णशमशेरले नेपाली कांग्रेस जनाधार भएको जिम्मेवार राजनीतिक पार्टी भएकाले सबै काम कुरा प्रजातान्त्रिक प्रक्रिया अनुरूप गरिने जनाएर

भावी नीति निर्धारणका लागि पटनामा आयोजित सम्मेलन बोलाइएको र त्यसको निर्णय अनुरूप बढिने जानकारी गराउँदै आकाशमा मडारिएको कालो बादल सफा गर्न छिटै तुफान आउने प्रस्ट पारेका थिए (नेपाली, २०६० जेठ २९; दुवे, २०६० जेठ १८) । उपस्थित सबैलाई पटना सम्मेलनको अन्तिम तयारमि लाग्न भनी आवश्यक खर्च समेत दिएर बिदा गरेका सुवर्णशमशेरले सबै कार्यकर्तालाई विवेक सम्मत ढङ्गले काम गर्न समेत भनेका थिए ।

नेपाली कांग्रेसद्वारा पटनामा भावी कदम बारे निर्णय गर्न सम्मेलन बोलाएपछि पूर्ण सहयोग पुऱ्याउने बचन बद्धता प्रकट गरेको भारतीय सोसलिष्ट पार्टीका कार्यकर्ताहरूले पटनाको आफ्नो कार्यालय २४ सै घण्टा खोलेर नेपाली कांग्रेसलाई सम्पूर्ण काम कारवाही त्यहीँबाट गर्ने सुविधा उपलब्ध गराइदिए । जसले गर्दा देशभित्र प्रतिबन्धित भए तापनि विदेशमा खुलै भएको नेपाली कांग्रेसले अच्युतराज रेग्मी, केशवराज पिँडाली, गोविन्दलाल श्रेष्ठलाई परिचालन गरेर शाही कदमको विरोधमा पर्चा पम्प्लेटहरू तयार पार्ने, देशभित्रका निश्चित ठाउँ एवं मानिसहरू समक्ष पुऱ्याउने, सम्मेलन स्थलको टुङ्गो लगाएर व्यवस्थापन मिलाउने र तेजबहादुर अमात्य समेतको सहयोगमा उपस्थित प्रतिनिधि पर्यवेक्षकहरूको खानपान बसोबास प्रबन्ध मिलाउने काम भयो (श्रेष्ठ, २०५७ : ९०; रेग्मी, २०७७ माघ १९; दुवे, २०६० जेठ १८) । पर्चा पम्प्लेट लगायतका सामग्रीहरू तयार पारिएपछि नेपालको पूर्वदेखि पश्चिमसम्मका भारत तर्फका सीमा नाकाहरूसम्म पुऱ्याएर देशभित्र पठाउने निर्देशन अनुरूप पटनामा उपस्थित सबै जसो मुख्य मानिसहरूलाई खटाइयो । जसमध्ये बागलुङका गोविन्दलाल श्रेष्ठ एवं प्युठानबाट निर्वाचित प्रतिनिधि सभा सदस्य अनिरुद्र शर्माले भैरहवालाई केन्द्र बनाएर बाँड्ने व्यवस्था गर्न पर्चा पम्प्लेट बोकी नौतनवासम्म पुगेपछि गोपनियता साथ लुम्बिनी भगवानपुरमा घरबास भएका सत्यनारायण मल्लिकको घरसम्मै पुगेका गोविन्दलाल श्रेष्ठले बोलाएर ल्याई तिनै मार्फत भैरहवाका सभापति अनकमान श्रेष्ठ लगायत सबैकहाँ सामग्री सहित पटना सम्मेलनको खबर पुऱ्याउन लगाएको र बुटवल लगायतका साथीहरू बोलाएर पाल्पा गुल्मीसम्म खबर पुऱ्याइएको हो ।

पश्चिम नेपालको तौलिहवा-कृष्णनगरको विषयमा अनिरुद्र शर्मालाई बढी थाहा भएकाले नौतनवाबाट आनन्दनगर पुगेर रेल चढेका गोविन्दलाल श्रेष्ठ एवं अनिरुद्र शर्माले बढनी स्टेशनमा उत्रिएर जाने निश्चय गरे । जाडो मौसममा रातीका बेला उत्रिएका दुई क्रान्तिकारीहरूले खास्टो ओढेर त्यसभित्र पर्चा पम्प्लेट लुकाई कृष्णनगर भित्र प्रवेश गरी गयाप्रसाद शाहलाई भेट्न पुग्दा छोरा अर्थ र आयकर उपमन्त्री शिवपति प्रताप शाह थुनिएको अवस्था हुँदाहुँदै पनि समर्थन नगरी नकारात्मक जवाफ दिए । गयाप्रसाद शाहले सिधै गइहाल्न भनेकाले निस्केका दुवैले सडकमा जताततै पर्चा खसाल्दै भारत प्रवेश गरेका थिए (शर्मा, २०५८ मंसिर ३) । कृष्णनगरबाट भारतको बजार धेरै निकट भएकाले पुगि हालेका दुवै तरुणहरू बस्तीबाट आएको रेल चढेर फर्कि हालेका र भोलिपल्ट गयाप्रसाद शाहको घरदेखि भारतको सीमासम्मका सडकमा छरिएका पर्चाको विषयलाई लिएर स्थानीय प्रशासनले शाह लगायत धेरैलाई निकै दुःख दिएको बारे थाहा पाएको जानकारी अनिरुद्र शर्माले निकै रोचक पारामा सुनाएको व्यहोरा लेखकको स्मरणमा ताजै रहेको छ ।

पटना सम्मेलनको तयारीमा खटिरहेका तेजबहादुर अमात्य, महेश्वरलाल श्रेष्ठ, ज्ञानीशंकर गिरी आदिले पनि रक्सौल-बढनी, जयनगर, फारविसगञ्जसम्म पर्चा पम्प्लेट बोकेर पुऱ्याउने, भागवत दुवे मार्फत आफ्ना परिवारका मानिस एवं घरमा काम गर्नेहरूलाई खबर पठाएर बोलाई बारा, पर्सा, रौतहटका विभिन्न ठाउँसम्म पुऱ्याउने, सरोजप्रसाद कोइराला, लीला कोइराला मार्फत जनकपुरका भित्री ठाउँसम्म पठाउने र फारवेशगञ्जमा रहेका केशवप्रसाद कोइराला मार्फत विराटनगर-झापासम्म पुऱ्याउने प्रबन्ध मिलाइएकाले छोटो समयमै पटना सम्मेलनको जानकारी सबैतिर पुग्न सक्यो (कोइराला, २०६१ जेठ १५; गिरी, २०६० जेठ १४; दुवे २०६० जेठ १८; बराल, २०६९ फागुन २४) । जसले गर्दा २०१७ साल माघ १२ गते (२५ जनवरी १९६१) सुरु भएको पटना सम्मेलनमा देशको विभिन्न भागबाट ४०० भन्दा बढी नेता तथा कार्यकर्ताहरूको उपस्थिति हुन सकेको जानकारी उक्त सम्मेलनका सहभागीहरूबाट पाइएको हो ।

बिहारको पटना स्थित गान्धी मैदान निकट अंजुमन इश्लामिया हलमा २०१७ साल माघ १२ गते बुधबारका दिन सुरु भएको नेपाली कांग्रेसको पटना सम्मेलनले विघटित संसदमा नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्ने ३९ जना सांसदहरू, नेपाल प्रजापरिषद् मिश्र गुटका अध्यक्ष भद्रकाली मिश्र, संयुक्त प्रजातन्त्र पार्टी महामन्त्री काशीप्रसाद श्रीवास्तव, विघटित संसदमा गोरखा परिषद् प्रमुख सचेतक सुरेन्द्रप्रसाद उपाध्याय, नेपाल तराई कांग्रेस महामन्त्री रामजनम तिवारी आदि अन्य दलका नेताहरू एवं चार सयभन्दा बढी कार्यकर्ताहरूको उपस्थितिमा छलफल गरेर कांग्रेस सभापति वी.पी. कोइराला राजाको बन्दी भएकाले पार्टीलाई नेतृत्व दिई भावी मार्ग कार्यदिशा निर्धारण समेतका लागि सुवर्णशमशेरलाई सर्वसम्मतीबाट पार्टीको कार्यकारी सभापति बनाएको थियो (दुवे, २०४७ : ३४; परमानन्द, सन् १९८२ : ३००; सापकोटा, २०६८ : २७; अधिकारी (शास्त्री), २०५८ : ३७९) । त्यसपछि कार्यक्रमलाई विधिवत विषय प्रवेश गराउन सम्बोधन गरेका सुवर्णशमशेरले नेपालको राजनीतिक अवस्था, नेपाली कांग्रेसको सरकार विरुद्ध भएका षड्यन्त्रहरू, प्रतिक्रियावादी तत्वहरूले गरेका उपद्रवहरू आदिको तथ्य पूर्ण एवं यथार्थ प्रस्ट पारेपछि राजाको कदमबाट सिर्जना भएको अवस्था परिस्थिति उल्लेख गरे । नेपालको परिवर्तनमा ज्यूज्यान लगाएका र जनताबाट रुचाइएका नेताहरू बन्दी बनाइएको, जनतालाई बोल्न लेख्न सङ्गठन गर्न समेत प्रतिबन्ध लगाएर सैनिक घेरामा मुर्दाशान्ति कायम गरिएकाले तानाशाही शासनको अन्तका लागि एकजुट भएर गरेको सङ्घर्ष जस्तै सङ्घर्ष गर्न बाध्य पारिएको र जनता तानाशाहीको पैतलामा दबाइएर प्रतिक्रियावादीहरू रमाइरहेको स्थिति अन्तका लागि सङ्घर्ष बाहेक अर्को विकल्प नरहेको जनाएर साथ समर्थनका लागि तयार हुन आह्वान गरे । नेपाली जनता जस्तोसुकै परिणाम भोग्नु परे पनि पछि नहट्ने तथ्यमा जोड दिएका उनले राजाले चालेको कदमबाट देशलाई १० वर्षपछि धकेलेको, आफूहरूलाई पुनः राणाशासनकै स्थितिमा पाएकाले प्रजातन्त्र पुनर्स्थापना नभएसम्म चुप लागेर नबस्ने अठोट आफू समक्ष पुऱ्याएको जनाएर पचासी लाख जनताले आम निर्वाचनबाट चुनेको वा छनौट गरेको सरकार एक व्यक्तिले आफूखुसी बर्खास्त गर्न नसक्नेमा जोड दिई निरङ्कुश शासनका दिनहरू वितिसकेकाले राजाको हुकुमी शासन धेरै दिन टिक्न नसक्ने ठोकुवा गरेका थिए (टाइम्स अफ इण्डिया, सन् १९६१ जनवरी २६; परमानन्द, सन् १९७८ : २०) । यसप्रकार राजाको प्रजातन्त्र विरोधी असंवैधानिक कदमको तीव्र निन्दा गरेका सुवर्णशमशेरले सम्मेलनको निर्णय अनुरूप नै पार्टीको भावी कदम निर्धारण गरिने जनाएर आफ्ना नेताहरूको निर्देशन समेतलाई आत्मसात गरिने घोषणा गरेका थिए ।

सुवर्णशमशेरको सम्बोधनपछि विधिवत छलफल थालेको पटना सम्मेलनले परशुनारायण चौधरीलाई महामन्त्री र सरोजप्रसाद कोइरालालाई सदस्यमा चयन गर्ने, कलकत्ता रसेलस्ट्रिट स्थित सुवर्णशमशेरको कनक विल्डिङमा नै नेपाली कांग्रेसको केन्द्रीय कार्यालय राख्ने निर्णय सर्वसम्मत रूपमा गरेपछि प्रजातन्त्र पुनर्स्थापनाका लागि आगामी रणनीति के लिने ? भन्ने विषय केन्द्रित भएर व्यापक विमर्श थाल्यो (अधिकारी, २०५७ : ३३-३४; श्रेष्ठ, २०६० आषाढ २; पन्थी, २०५८ कार्तिक २६) । दुई दिनसम्म चलेको विमर्श अर्थात् छलफलका अन्तमा राजा सजिलै प्रजातन्त्र पुनर्स्थापना गर्न तयार नहुनेमा विश्वस्त भएर गोप्य रूपले सशस्त्र प्रतिरोध आन्दोलन गर्ने निर्णय गरेको भए तापनि प्रकट रूपमा राजाबाट आफ्नो असंवैधानिक कदम घोषणा फिर्ता लिनु पर्ने, संसद पुनर्बहाली गर्नु पर्ने, राजनैतिक बन्दीहरूको अविलम्ब रिहाइ आदि माग राख्ने ती माग पूरा नगरिएका खण्डमा चाल्नु पर्ने कदम बारे सम्पूर्ण निर्णय गर्ने अधिकार सुवर्णशमशेरलाई नै प्रदान गरेको थियो (गौतम, २०५० : ५५; गौतम, २०७७ : १४) । भेलाबाट उल्लेखित निर्णयहरू गरेपछि सुवर्णशमशेरको पहल एवं नेतृत्वमा नेतृत्व पंक्तिका प्रमुख व्यक्तिहरूले केही क्षण गोप्य मन्त्रणा गरेर आपसी छलफलबाटै भावी रणनीति तर्जुमा गर्ने प्रयास गरे । सकेसम्म राजालाई वार्ताको टेबुलमा ल्याएर सम्झौताद्वारा समस्या समाधान गर्ने उद्देश्य अवलम्बन गर्ने निर्णय गरेका उनीहरूले त्यसका लागि उपयुक्त हुने दबावमूलक प्रतिरोधका उपाएहरू अवलम्बन गर्नेमा जोड दिए (बराल, सन् १९८३ : ४९) । त्यसपछि एक प्रेश विज्ञप्ति मार्फत पटना सम्मेलनका निर्णय सार्वजनिक गरेको नेपाली कांग्रेसले नेपाली जनताको कठोर परिश्रम एवं बलिदानबाट प्राप्त प्रजातान्त्रिक व्यवस्था अपहरण गर्न नदिइने अठोटसँगै हरेक तह, तप्का र विचारका जनतालाई वैचारिक भिन्नता छाडेर प्रजातन्त्र जोगाउने

महायज्ञमा साथ समर्थनका लागि आग्रह गर्ने, नेपाली जनतालाई निर्भय भएर साथ समर्थन गर्न र नेपाली कांग्रेसको आह्वानमा साथ दिन अपिल गर्ने, संसद पुनर्वहाली, राजबन्दी रिहाइ र शाही कदम फिर्ता नभएमा देशव्यापि अहिंसात्मक सत्याग्रह गर्ने निर्णय गरेको प्रस्ट पारेको थियो (देवकोटा, २०४० : ९७-९९; टाइम्स अफ इण्डिया, सन् १९६१ जनवरी २६; दि स्टेटस्म्यान, सन् १९६१ जनवरी ३१) । राजा महेन्द्रको असंवैधानिक कदम विरुद्ध नीति निर्धारणका लागि आयोजित पटना सम्मेलनले त्यस विरुद्ध सङ्घर्ष गर्ने निर्णय गरेर संसद विघटन अस्वीकार गर्दै तुरुन्त बैठक बोलाउन माग गर्ने, फागुन ७ गतेका दिन प्रजातन्त्रको हत्या विरुद्ध विरोध जुलुस-सभा आयोजना गर्ने, शाही कदम विरोधीपर्चा पम्प्लेट छर्ने आदि कार्यक्रम तय गरेर उपस्थित कार्यकर्ताहरूलाई तयार पारिएका सामग्रीहरू समेत दिएर बिदा गरिएको थियो । यसप्रकार नेपाली कांग्रेसले वी.पी. को स्वीकृति लिएर राजा महेन्द्रको असंवैधानिक कदम विरुद्ध सशस्त्र सङ्घर्ष वा प्रतिरोध आन्दोलनको निर्णय गरी तयारी तर्फ लागेको हो ।

## निष्कर्ष

नेपालको राजनीतिमा प्रजातन्त्रको संस्थागत विकासलाई प्राथमिकता दिएर सत्तारोहणलाई गौण ठान्ने संस्कार नै प्रचलित हुन नसकेकाले नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी, प्रजापरिषद्, गोरखा परिषद् आदि राजनैतिक दलहरूबाट आफ्नो मुलुकको राजनीतिक सामाजिक धरातलीय यथार्थता बिर्सेर बाह्य विचार धाराका पछाडि लाग्ने कुद्ने नीति अवलम्बन गर्नाले खोलाउने गलाउने अवसर पाएका राजा महेन्द्रले आफ्नो महत्त्वाकांक्षा परिपूर्तिको योजना बनाउन सफलता पाएका हुन् । कुनै पनि राजनीतिक दलले बहुमत ल्याउन नसकेमा राजाबाट आफ्नो तजविजले एक वर्षसम्म शासन गर्न पाउने संवैधानिक व्यवस्था मिलाएका राजाले कुनै पनि दलले स्पष्ट बहुमत नल्याउनेमा विश्वस्त भएपछि मात्र आम चुनाव गराउँदा पनि नेपाली कांग्रेसले प्रचण्ड बहुमत ल्याएपछि अर्को षड्यन्त्रको बाटो लिएका थिए । नेपाली कांग्रेसका प्रमुख नेताहरूलाई हराउन आफ्ना मानिसहरूलाई चुनावमा खडा गराउने सबै तारतम्य मिलाउने गर्दा पनि कुनै उपलब्धि हात नलागेकाले नराम्रोसँग फस्किएको नारायणहिटी राजदरबार प्रजातन्त्रवादी नेपाली कांग्रेसलाई चलाउन नसकिनेमा विश्वस्त भइसकेको थियो । नेपाली कांग्रेस समेतलाई सफल हुन नदिन प्रशस्तै राजनीतिक चाल चालेका राजा महेन्द्रले चुनाव वा गोप्य मतदानको वास्तविक शक्ति बुझ्न नसकेकाले नै आफ्नो पृष्ठपोषणमा खडा गराएका राजनीतिक दल, समूह एवं व्यक्तिहरू चुनावी मैदानमा “बुख्याँचा” मात्र हुने अवस्थाको सामना गर्नु पऱ्यो । चुनावी परिणाम घोषणा भइसकेपछि पनि जननिर्वाचित सरकार गठन बारे समयावधि नतोकिएको अवस्थाबाट फाइदा उठकाएका राजा महेन्द्रले प्रकट रूपमा केही नबोलिकन आफ्ना भिजिलान्तेहरू मार्फत आशंका मच्चाउने स्थिति सिर्जना गर्नेदेखि नारायणहिटीका भित्री कोठाबाट अनेकौं परिकल्पना रूपी खिचडी पकाउने काम गरिरहे । राजाको चाहना भावना बुझेका नेपाली कांग्रेसका नेता वी.पी. एवं सुवर्णशमशेरले अत्यन्त संयमता साथ काम गरेर पार्टी भित्रका साथीहरूलाई मर्यादा भित्र राख्नेदेखि राजासँग संवाद थालेर वी.पी. नेतृत्वको सरकार गठनको तारतम्य मिलाउने काम गरे ।

राणा कांग्रेस सरकारको पतनदेखि नै दरबारबाट किनारामा पुऱ्याउँदै लगिएका वी.पी. ले जननिर्वाचित सरकारको नेतृत्व लिएपछि २००७ सालको क्रान्तिको नेता एवं ध्वजावाहक भएकाले जनताले नेपाली कांग्रेसलाई अवसर दिएको ठहर गरी प्रजातन्त्र एवं मानव अधिकारप्रति निष्ठावान भएर काम गर्ने प्रतिबद्धता अनुरूप क्रियाशीलता थाले । प्रजातन्त्रको संस्थागत विकासको लक्ष्य अनुरूप एकतन्त्रात्मक प्रतिक्रियावादीहरू विरुद्ध उत्रिएर निरन्तर चलाएको अभियान एवं जनताका पक्षमा अवलम्बन गरेका समाजवादी नीतिको परिणामस्वरूप प्राप्त सफलताको संज्ञा दिएको नेपाली कांग्रेसले अन्तर्राष्ट्रिय समाजवादी परिवारकै जितको संज्ञा दिएर उक्त जितबाट आफ्नो पार्टी एसियामै प्रजातान्त्रिक समाजवादको किल्लाका रूपमा स्थापित भएको उल्लेख गरी समाजवादी घोषणापत्रका प्रतिबद्धता अनुरूप क्रियाशीलता थाल्यो । नेपाली कांग्रेसको यो जितलाई सहज रूपमा लिन नसकेका नेपाल कम्युनिष्ट पार्टी, प्रजापरिषद् लगायतका दलहरूले आफूहरू नेपाली समाजका मुख्य रूपान्तरण कारणी मित्र शक्ति भएको तथ्य एवं ऐतिहासिक दायित्व बिर्सिएर ईर्ष्या-द्वेश राखेर क्रियाशील भएकाले

प्रभाव विस्तारको दाउ खोजिरहेका राजा महेन्द्रलाई फाइदा पुग्ने अवस्था भयो । समाजवादी नीति कार्यक्रम अनुरूप गतिशीलता थालेको जननिर्वाचित सरकारले वीर्ता उन्मुलन, राज्य रजौटा उन्मुलन जस्ता कार्य थालेकोमा समेत निहुँ खोजेका उल्लेखित दलहरूले असन्तुष्ट भएका राजालाई नै बल पुऱ्याउने काम गरे । देशको सत्ता राजनीतिबाट बाहिर परेको र कांग्रेसका कार्य सफल भएमा भविष्यमा पनि संसदीय परिपाटीबाट सत्तामा पुग्ने सम्भावना नदेखेका त्यस्ता दलहरू अवसरवादी राजनेता प्रतिक्रियावादीको भडकावमा लागे । जनमतबाट प्राप्त कांग्रेसको सरकार र त्यसले थालेका कार्यबाट ईर्ष्या बोधले ग्रसित भएर राजालाई असंवैधानिक काम गर्न समेत उकास्ने कार्य टंकप्रसाद आचार्य लगायतका नेताहरूबाट भएकाले महत्त्वाकांक्षी भएका राजा महेन्द्रले धारा ५५ को सिरानी हालेर प्रजातान्त्रिक पद्धति नै सिध्याइदिए ।

२०१७ साल पौष १ को कदमबाट विकसित राजनैतिक वातावरणलार्य केबल कांग्रेस विरुद्धको कदम ठानेर रमाउनेहरू पनि पौष २२ को कदमबाट झस्किने अवस्था हुँदा पनि नचेति राजा निकट पुग्ने प्रयासमै लागे । त्यस्तो अवस्थामा निजी कामले भारतको कलकत्ता गएकाले गिरफ्तारीबाट जोगिएका सुवर्णशमशेरबाट बन्दी गृहमा पुगेका वी.पी. सँग सम्पर्क सूत्र कायम गरी नेताको आदेश पाएपछि सङ्घर्ष निर्णयका लागि पटना सम्मेलन बोलाइयो । असहज अवस्थामा पनि सन्देश पाउना साथ जुटेका नेता कार्यकर्ताहरूले सकेसम्म राजालाई मनाएर प्रजातन्त्र पुनर्स्थापना गर्ने नीति नछाड्ने तर नभएमा सशस्त्र सङ्घर्षमा पनि जाने निर्णय गरी अन्तिम निर्णयको सर्वाधिकार सुवर्णशमशेरलाई दिएपछि प्रतिरोधको प्रक्रिया सुरु भयो । प्रतिबन्धित पार्टीका झण्डा फहराउने, नारावाजी गर्ने, वार्ता-समझदारी प्रयास गर्ने गर्दा पनि राजाले नटेरेपछि भरतशमशेर, सरोज कोइराला, केशव कोइराला आदिसँगको अन्तिम परामर्श एवं सल्लाह पछि मात्र सशस्त्र प्रतिरोधको निश्चय गरेका सुवर्णशमशेरले विधिवत तयारी थालि सशस्त्र सङ्घर्षको निर्णय एवं घोषणा गरेका थिए । जसबाट नेपालको प्रजातान्त्रिक आन्दोलनले पुनः समर्पण र बलिदानको नयाँ अध्याय निर्माण गर्ने परिस्थिति बनेको हो ।

**सन्दर्भ सामग्रीहरू**

**अन्तर्वार्ताहरू**

कोइराला, नोना. सशस्त्र सङ्घर्षकी सहयोगी एवं वी.पी. सन्देश कि सूत्रधारसँग २०६० वैशाख २७ गते कोइराला निवास विराटनगरमा ।

कोइराला, लीला. सहिद सरोजप्रसाद कोइराला पत्नी, सक्रिय व्यक्तित्व एवं भूतपूर्व मन्त्रीसँग २०६१ जेठ १५ गते सानेपा ललितपुरमा ।

गिरी, ज्ञानीशङ्कर. सशस्त्र सङ्घर्षका प्रत्यक्षदर्शी योद्धा सरोजका सहयोगीसँग २०६० जेठ १४ गते जनकपुरधाम धनुषामा ।

दुवे, भागवत. सशस्त्र सङ्घर्षका योद्धासँग २०६० जेठ १८ बहुअरी पर्सा ।

नेपाली, भूपेन्द्रलाल. नेपाली कांग्रेसका योद्धा एवं सशस्त्र सङ्घर्षका सहयोगीसँग २०६० जेठ १९ गते माइस्थान विरगञ्जमा ।

पन्थी, निलाम्बर. सशस्त्र सङ्घर्षका सहयोगी सङ्गठक भूतपूर्व सांसदसँग २०५८ कार्तिक २६ गते आवारोड भैरहवामा ।

बराल, मनोहरी. सशस्त्र सङ्घर्षमा सहयोगीसँग २०६९ फागुन २४ गते न्यूरोचोक विराटनगरमा ।

राजभण्डारी, पुष्करराज. शहीद तेजबहादुर अमात्यका ज्वाइँ एवं कुटनीतिक व्यक्तित्वसँग २०७६ भदौ २० गते बुढानिलकण्ठ काठमाडौँ ।

रेग्मी, अच्युतराज. २०१५ सालका कांग्रेसी सांसद एवं भूतपूर्व मन्त्रीसँग २०७७ माघ १९ गते काठमाडौँ ।

शर्मा, डिल्लीरमण. सशस्त्र सङ्घर्षका सहयोगीसँग २०५८ मंसिर ३ गते तुलसिपुर रूपन्देहीमा ।

शर्मा, अनिरुद्र. सशस्त्र सङ्घर्षका योद्धा एवं २०१५ सालका सांसदसँग २०५८ वैशाख १५ गते वर्दघाट-माकर, नवलपरासीमा ।

श्रेष्ठ, महेश्वरलाल. सशस्त्र सङ्घर्षका सहयोगीसँग २०६० आषाढ २ नारायणगढ चितवनमा ।

**प्रकाशित सामग्रीहरू**

अधिकारी, गोविन्दप्रसाद (सम्पा.) (२०५७). *विद्रोहका नायक (सरोप्रसाद कोइराला).* काठमाडौँ : शहीद सरोज कोइराला मेमोरियल फाउण्डेसन ।

अधिकारी, हेमराज (२०५८). *आजको नेपाल.* काठमाडौँ : श्रीमती चन्द्रकला अधिकारी ।

आचार्य, यज्ञनाथ (२०६०). *सुवर्णशमशेर राणा र प्रजातान्त्रिक आन्दोलन.* काठमाडौँ : हेमाद्री शमशेर राणा ।

कोइराला, कुलचन्द्र (२०५८). *पुर्ख्यौली इतिहासभित्र मेरा अतितका पानाहरू.* काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

गौतम, बद्रीनारायण (२०५०). *नेपाली कांग्रेस र सङ्घर्षका दश वर्ष (२०३६-२०४६).* अप्रकाशित स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : इतिहास केन्द्रीय विभाग ।

गौतम, बद्रीनारायण (२०७७). *शान्तिपूर्ण आन्दोलनमा नेपाली कांग्रेस.* काठमाडौँ : शिखा बुक्स ।

चटर्जी, भोला (सन् १९८०). *प्यालेश पिपुल एण्ड पोलिटिक्स नेपाल इन पसर्पेक्टिभ.* न्यू दिल्ली : अङ्कुर पब्लिकेशन हाउस ।

*टाइम्स अफ इण्डिया,* सन् १९६१ जनवरी २६ ।

*दि स्टेट्‌सम्यान* सन् १९६१ जनवरी ३१ ।

दुवे, भागवत (२०४७). 'कालातित व्यक्ति श्री सुवर्णजीको स्मृतिमा'. *प्रभात.* वर्ष १, अंक २, कीर्तिपुर : नेपाल विद्यार्थी संघ, त्रि.वि. समिति ।

देवकोटा. गृमबहादुर (२०३६). *नेपालको राजनीतिक दर्पण भाग २.* काठमाडौँ : अर्जुनबहादुर देवकोटा ।

परमानन्द (सन् १९७८). *दि नेपाली कांग्रेस इन एक्जाइल.* दिल्ली : युनिभर्सिटी बुक हाउस ।

परमानन्द (सन् १९८२). *दि नेपाली कांग्रेस सिन्स इट्स इन्सेप्सन.* दिल्ली : बि.आर. पब्लिसिङ कर्पोरेसन ।

पराजुली, महेन्द्र (२०७७). *आँखिभ्यालबाट नेपालको राजनीति.* काठमाडौँ : सांग्रिला पुस्तक प्रा.लि. ।

बराल, लोकराज (सन् १९८३). *नेपाल्स पोलिटिक्स अफ रेफरेन्डम अ स्टडी अफ ग्रुप परसोनालिटिज एण्ड ट्रेण्डस.* न्यूदिल्ली : विकास पब्लिसिङ हाउस ।

मरहट्टा, पुरुषोत्तम (२०७५). *नेपालको लोकतन्त्र.* काठमाडौँ : प्रतीक मरहट्टा र प्रमित मरहट्टा ।

रिमाल, अरबिन्द (२०६२). *१९९७ देखि २०१७ साल : एक अवलोकन.* काठमाडौँ : टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान ।

रिमाल, अरबिन्द (२०७६). *डिल्ली बजारको लप्टनको होटल.* काठमाडौँ : टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान, (दोस्रो संस्करण) ।

शर्मा, श्रवण र पन्थी, माधव (२०६३). *लोकतन्त्र अपहरण र अवतरण.* काठमाडौँ : दिपा लक्ष्मी आचार्य शर्मा ।

शर्मा, गणेशराज (संक.) (२०५५). *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त.* ललितपुर : जगदम्बा प्रकाशन ।

श्रेष्ठ, गोविन्दलाल (२०५७). *सेरोफेरो मेरो.* काठमाडौँ : धौलाश्री कटेज ।

सापकोटा, दिलिप (२०६८). *कोइराला निवास भित्र बाहिर.* विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।